# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १५ गते ०८ साल

## भाग ५

## शिक्षामन्त्रालयको विज्ञप्ति

प्रजातान्त्रिक व्यवस्थामा सारा जनतालाई शिक्षाको आवश्यक छ । यसकारण कुनै वर्गभेद नराखी सबलाई शिक्षा दिने नीति सरकारले लिएको छ । यही नीति-अनुसार हाम्रा अछूत कहलाइएका भाइहरूले पनि नेपाल राजभरक शिक्षालयहरूमा अरू जातहरूसह शिक्षा पाउने बन्दोबस्त भएको छ । यसकारण हाम्रा हरिजन भाइहरूले कुन कुन शिक्षालयमा पढ्न चाहनुहुन्छ, त्योलाई ती शिक्षालयहरूका प्रधान अध्यापकहरूकहाँ आवेदनपत्र दिनुहोला । यस्ता आवेदनपत्रहरू आए पछि जाँची लायक ठहरिएको कक्षामा भर्ना गरी पढाउने बन्दोबस्त हुनेछ ।

साथै हरिजन विद्यार्थीहरूलाई आवश्यक हेरी स्कूलमा खाजा ख्वाउने मुनासिबमाफिकको किताप खर्च र थोर बहुत लुगाखर्च दिने प्रबन्ध मिलाउने कोशिस पनि भइ हेको छ ।

आधार - साहित्य-समिति

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।